# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका, २०६५

कृषि शिक्षा (ऐच्छिक द्वितीय)

## परिचय

कक्षा १० को पाठ्यक्रममा मात्र आधारित रहेर एसएलसी परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि कृषि शिक्षा विषयको यो विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र तयार पारिएको छ । यसमा पाठ्यक्रममा अनिवार्य शीर्षकका रूपमा रहेका बाली योजना, बिउबिजन, कृषि व्यवस्थापन, बाली विज्ञान, करेसाबारी, बाली संरक्षण र कृषि अनुसन्धान तथा कृषि प्रसार हरेक क्षेत्रहरूबाट तथा ऐच्छिक शीर्षकका माछापालन र कुखुरापालन क्षेत्रहरूमध्ये कुनै एक शीर्षकबाट मात्र विद्यार्थी मूल्याङ्कन गरिने प्रावधानलाई आधार बनाई ज्ञान सीप, प्रयोग र उच्च दक्षता तहका प्रश्नहरू निर्माण गर्ने व्यवस्था गरिएको छ । यस विषयको परिमार्जित पाठ्यक्रम, २०६४ अनुसार प्रयोगात्मक परीक्षालाई पनि कक्षा १० को पाठ्यक्रममा मात्र आधारित गराई एसएलसी परीक्षामा सोही अङ्क समावेश गर्ने व्यवस्था गरिएको छ । यस परिमार्जित व्यवस्थाबाट सम्बन्धित क्षेत्रमा सकारात्मक असर पर्ने अपेक्षा गरिएको छ ।

### विशिष्टीकरण तालिका,२०६५

(सैद्धान्तिक परीक्षाका लागि)

समय : २:१५ घण्टा

पूर्णाङ्क : ७५
उत्तीर्णाङ्क : २४

| एकाइ | विषय क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | ज्ञान र बोध | प्रयोग | उच्च दक्षता | जम्मा प्रश्न | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | | |
| १ | बाली योजना | १ | १ | १ | | ३ | ११ |
| २ | बिउबिजन | १ | | १ | | २ | ६ |
| ३ | कृषि व्यवस्थापन | १ | १ | | | २ | ६ |
| ४ | बाली विज्ञान | १ | १ | १ | १ | ४ | २१ |
| ५. | करेसाबारी | | | १ | | १ | ५ |
| ६. | बाली संरक्षण | १ | १ | १ | | ३ | ११ |
| ७. | कृषि अनुसन्धान तथा कृषि प्रसार | | १ | | | १ | ५ |
| ८ र ९ | ऐच्छिक खण्ड (कुनै एक)<br>(क) कुखुरापालन<br>(ख) माछापालन | | | | १ | १ | १० |
| | जम्मा - | ५ | ५ | ५ | २ | १७ | ७५ |

**प्रश्न सङ्ख्या र अङ्क तथा समय विभाजन**

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्कभार | प्रति प्रश्न समय | जम्मा समय |
|---|---|---|---|---|---|
| १. अति छोटो उत्तर आउने प्रश्न | ५ | १ | ५ | २ मिनेट | १० मिनेट |
| २. छोटो उत्तर आउने प्रश्न | १० | ५ | ५० | ९ मिनेट | ९० मिनेट |
| ३. लामो उत्तर आउने प्रश्न | २ | १० | २० | १७.५ मिनेट | ३५ मिनेट |
| जम्मा | १७ | | ७५ | | २ घण्टा १५ मिनेट |

*द्रष्टव्य :*

*१. धेरै छोटो उत्तर आउने प्रश्नहरूमा तथ्यात्मक वा वस्तुपरक उत्तर लेख्ने प्रश्न सोधिने छन् ।*

*२. ज्ञान र बोध तहमा पुनस्मरण गर्ने, चिन्ने, तथ्य र सूची प्रस्तुत गर्ने तथा व्याख्या एवम् उदाहरण दिने प्रकारका प्रश्नहरू सोधिने छन् ।*

*३. प्रयोग तहअन्तर्गत विद्यार्थीले प्राप्त गरेको ज्ञान सीपलाई स्थानान्तरण गर्ने क्षमता मापन गरिने प्रश्नहरू सोधिने छन् ।*

*४. उच्चदक्षता तहअन्तर्गत संश्लेषण, विश्लेषण र मूल्याङ्कन गर्ने खालका प्रश्नहरू सोधिने छन् ।*

*५. ज्ञान, बोध तथा प्रयोग क्षेत्रबाट छोटा प्रश्नहरू र उच्च दक्षताबाट लामा प्रश्नहरू सोधिने छन् ।*

*६. एकाइ १ देखि ७ सम्म अनिवार्य खण्ड र एकाइ ८ र ९ बाट ऐच्छिक खण्डका प्रश्नहरू हुने छन् । त्यसमध्ये ऐच्छिक खण्डमा आफूले अध्ययन गरेको कुखुरापालन वा माछापालनमध्ये कुनै एक मात्र क्षेत्रको प्रश्न हल गर्नुपर्ने छ ।*

*७. सैद्धान्तिक परीक्षा ७५ अङ्क र प्रयोगात्मक परीक्षा २५ अङ्कको हुने छ ।*

## प्रयोगात्मक मूल्याङ्कन

| क्र.सं. | क्रियाकलाप | पूर्णाङ्क |
|---|---|---|
| १. | प्रयोगात्मक कार्यमा विद्यार्थी सहभागिता | १० |
| २. | प्रयोगात्मक कार्यको विद्यार्थीले गरेका अभिलेख व्यवस्थापन | ५ |
| ३. | प्रयोगात्मक परीक्षा | १० |
| | जम्मा - | २५ |

*द्रष्टव्य :*

*१. प्रयोगात्मक परीक्षाको सम्पूर्ण जिम्मेवारी कृषि विषय शिक्षण गर्ने शिक्षकको हुने छ । हरेक एकाइहरूमा आवश्यकतानुसार प्रयोगात्मक कार्य गराई विद्यार्थी क्रियाकलापको शैक्षिक सत्रभरि नै निरन्तर मूल्याङ्कन गर्नुपर्ने छ भने विद्यार्थीहरूलाई पनि आफ्नो प्रयोगात्मक कार्यको अभिलेखको व्यवस्थापन गर्न सहयोग गर्नुपर्ने छ ।*

*२. प्राइभेट परीक्षार्थीका लागि प्रयोगात्मक परीक्षासम्बन्धी आवश्यक व्यवस्था सम्बन्धित जिल्ला शिक्षा कार्यालयले गर्नुपर्ने छ ।*

## नमुना प्रश्नपत्र

विद्यार्थीले उत्तर दिँदा पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा मौलिक र सिर्जनात्मक उत्तर दिनुपर्ने छ र अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइने छ ।

समय : २ घण्टा १५ मिनेट | पूर्णाङ्क : ७५
उत्तीर्णाङ्क : २४

**सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् :**
**Attempt all questions**

**खण्ड - क (Part A)**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** १ x ५ = ५
**Give very short answer to the following questions.**

१. कुनै एक मौसममा एकभन्दा बढी बालीहरूको एकैपटक खेती गरिन्छ भने त्यसलाई कस्तो बाली प्रणाली भनिन्छ ?
What do you call the system of farming various types of crops simultaneously in the same season.

२. बिउहरू कति किसिमका हुन्छन् ?
Write the types of seeds.

३. पशुपालन तथा दूग्ध व्यवसाय गर्नका लागि बैङ्कले कस्तो खालको वा कति अवधिको ऋण प्रदान गर्दछ ?
What kind of loan does a bank provide for livestocks and dairy farming?

४. विभिन्न स्थान र जातअनुसार धानको बिरुवाले कति दिनदेखि कति दिनसम्म आफ्नो जीवनचक्र पूरा गर्दछ ?
In how many days do paddy seedlings complete their life cycle according to place and their species?

५. उखुमा छिटो लाग्ने गवारोबाट प्राकृतिक रूपमा बचाउन उखु कुन महिनामा रोप्नु उपयुक्त हुन्छ ?
Which month is suitable for sugarcane plantation to protect them from early shoot borer.

## खण्ड - ख (Part B)

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** १० x ५ = ५०

**Give short answer to the following questions.**

६. घुम्ती बाली प्रणालीबाट हुने कुनै पाँचओटा विशेषताहरू लेख्नुहोस् । ५ X १=५
Mention any five characteristics of crop rotation system.

७. तपाईंको स्थानीय क्षेत्रमा हिउदँमा लगाइने मिश्रित बाली प्रणालीको बाली योजनाको नमुना तयार गर्नुहोस् । ५
Design a model plan of mix crop system for winter season in your locality.

८. बोराको टुक्रा वा रुमालमा बिउ उमार्दा कुन कुन कार्य गर्नुपर्दछ ? त्यसका चरणहरू निर्माण गर्नुहोस् । ५X१=५
What steps should be followed while germinating seeds in a sack patch or towel.

९. कृषि कर्मका लागि जग्गा छनोट गर्दा ध्यान दिनुपर्ने तीन कुराहरूको सूची बनाई सामाजिक पक्षको परिचय दिनुहोस् । ३+२=५
List three things that should be taken into consideration in selecting appropriate land for farming and describe the social aspects.

१०. नेपालमा हुने नगदे बालीको कुनै पाँचओटा महत्त्व लेख्नुहोस् । ५X१=५
Write any five importance of cash crops grown in Nepal.

११. तपाईंको छिमेकीले रोपेको धानमा मरुवा रोग लागेछ । अब त्यसको नियन्त्रण गर्न के सल्लाह दिनुहुन्छ ? कुनै पाँच सल्लाह लेख्नुहोस् । ५X१=५
If your neighbour's paddy has got blast, give any five control measures to him/her to control the out break of that disease.

१२. २०० वर्गमिटर जमिनमा वर्षायाममा लगाउन सकिने करेसाबारीको रेखाङ्कन गर्नुहोस् । ५
Sketch a kitchen garden suitable for rainy season crops in a plot of 200 sqm.

१३. झारपातका कुनै पाँचओटा विशेषताहरू लेख्नुहोस् । ५X१ = ५
Write any five characteristics of weeds.

१४. अर्थोडक्स चिया उत्पादनका लागि निम्नलिखित पक्ष लेख्नुहोस् :

(क) जमिनको उचाइ (ख) तापक्रम

(ग) वार्षिक वर्षा (घ) जमिनको तयारी

(ङ) माटोको पिएच

Mention the following aspects for orthodox tea farming :

(a) altitudes of land (b) temperature

(c) annual rainfall (d) preparation of land

(e) soil PH

१५. कृषि प्रसारका कुनै पाँचओटा तरिकाहरू लेख्नुहोस् । ५X१ = ५

Mention any five ways of disseminating agricultural information to the farmers.

## खण्ड - ग (Part C)

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** २ X १०=२०

**Give long answer to the following questions:**

१६. मकैमा लाग्ने रोग तथा किराको उदाहरण दिई नियन्त्रणका उपायहरू लेख्नुहोस् । ५+५ = १०

Mention any five diseases and insects that attack maize plant and also state any five ways to control them.

१७. कुखुराको दानामा प्रयोग गरिने पौष्टिक तत्त्वको सूची बनाई भिटामिन 'ए' र 'के' प्राप्त गर्ने स्रोत उल्लेख गरी तिनको कमीबाट देखा पर्ने लक्षण लेख्नुहोस् । २+४+४=१०

Make a list of nutrients used in poultry feeds and mention the sources of vitamin A and K. Also state the symptoms caused by the deficit of them.

१८. माछा संरक्षण विधिको सूची बनाई नुनको प्रयोगबाट कसरी माछा संरक्षण गर्न सकिन्छ ? चरणबद्ध प्रक्रिया लेख्नुहोस् । ३+७=१०

List the ways of fish preservation. How can we preserve them by using salt. Write its procedure in proper order.

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

**खण्ड - 'क' अति छोटो प्रश्न** ५ x १ = ५

१. मिश्रित बाली प्रणाली
२. ५ (पाँच)
३. मध्यकालीन ऋण
४. ९० दिनदेखि २३० दिन
५. कात्तिक

**खण्ड - 'ख' छोटो उत्तर आउने प्रश्न** १० x ५ = ५०

६. - जमिनको उत्पादकत्व वृद्धि हुने
- माटोमा भएको खाद्य तत्त्वको सदुपयोग हुने
- बाली संरक्षणमा सहयोग पुग्ने
- एक वर्षभित्र अनेक बाली लगाउन सकिने
- भूक्षयको नियन्त्रण हुने आदि पाँच बुँदा लेखेमा एक बुँदाको १ अङ्क का दरले पाँच अङ्क दिने

७. मिश्रित बाली योजना
- स्थानीय क्षेत्रका कुनै चार बालीहरूको नाम सङ्केत गरेमा २ अङ्क
- लगाउने समयको आधारमा बालीहरूको संयोजन गरी योजना बनाएमा ३ अङ्क

८. बोराको टुक्रा वा रुमालमा बिउ उमार्ने कार्यका चरणहरू
- सानो चारपाटे बोराको टुक्रा वा भिजाएर हल्कासँग निचोर्ने
- त्यसलाई पुन: भिजाउने र गनेर एउटा टुक्राका आधा भागमा १०० दाना बिउ राख्ने
- बाँकी आधा टुक्रा पट्याउँदै जाने
- दुवै मुखमा हल्कासँग रबर वा धागोले बाँध्ने
- भित्तामा अड्याई उभ्याएर राख्ने, वेला वेलामा पानी हाल्ने
उक्त बुँदाहरू क्रमश: लेखेमा एक बुँदाको एक अङ्कका दरले ५ अङ्क दिने ।

९. भौतिक, आर्थिक, सामाजिक पक्षको सूची बनाएमा ३ अङ्क र सामाजिक पक्षअन्तर्गत पर्ने बैङ्क, सहकारी संस्था, विद्यालय, अस्पताल, शान्तिसुरक्षा, ज्यामी उपलब्धता, लागत, रीतिरिवाज आदि बुँदामा आधारित चार वाक्यमा परिचय दिएमा एक वाक्यको ०.५ अङ्कका दरले २ अङ्क दिने ।

१०. नगदे बालीको महत्त्व
- बालीलाई तुरुन्तै बेची नगद प्राप्त हुने
- कृषि उद्योगका लागि कच्चा पदार्थ प्राप्त हुने
- घर परिवारको उपभोगका लागि नगद खर्च गर्नु नपर्ने
- कल कारखाना खोल्न मद्दत पुग्ने
- तुरुन्तै ऋण सहयोग प्राप्त गर्न सकिने
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा व्यापार गर्न सकिने आदि ।
पाँच महत्त्व लेखेमा एक महत्त्वको १ अङ्क दरले ५ अङ्क दिने ।

११. मरुवा रोग नियन्त्रण गर्ने सल्लाह
- राम्ररी पाकेको कम्पोस्ट मल प्रयोग गर्ने

- खेतमा पानी सुक्न नदिने
- विभिस्टिन/डोरोसलले बिउ उपचार गर्ने
- रोगको लक्षण देखिनेबित्तिकै हिनोसान १ मि.लि वा डाइथेन एम ४५ पानीमा मिसाई छर्ने
- मर्न लागेका र मरेका बोट उखेल्ने आदि पाँच सल्लाह लेखेमा एक सल्लाहको एक अङ्कका दरले ५ अङ्क दिने ।

१२. - प्लटको चित्राङ्कन गरेमा २ अङ्क
- कुन कुन प्लटमा केके गर्ने भनी चित्रमा योजनाबद्ध नामङ्कन गरेमा ३ अङ्क गरी जम्मा ५ अङ्क दिने ।

१३. झारपातका विशेषता
- कडा बिउ हुने
- विषम परिस्थितिमा पनि उम्रने
- धेरै बिउ उत्पादन हुने
- जराबाट पनि प्रसारण हुने
- एक वर्से वा बहुवर्से हुने आदि पाँच विशेषता लेखेमा एक विशेषताको १ अङ्कका दरले ५ अङ्क दिने ।

१४. - जमिनको उचाइ : १००० देखि २००० मिटर
- तापक्रम : १२.५° देखि ३०° सेल्सियस
- वार्षिक वर्षा : ११५० देखि १८०० मि.मि.
- जमिनको तयारी : भिरालो मलिलो र बुर्बुराउँदो माटो, १ मि. गहिराइसम्म प्राङ्गारिक माटो भएको
- माटोको PH : ४.५ देखि ५.५

१५. कृषि प्रसारका तरिका
- घरदैलो कार्यक्रम गर्ने
- प्रदर्शनीको आयोजना गर्ने
- सामूहिक छलफल गर्ने
- रेडियोबाट प्रसार गर्ने
- टेलिभिजनमा प्रदर्शन गर्ने
- प्रविधिको प्रदर्शन गर्ने आदि पाँच तरिका लेखेमा १ अङ्कका दरले ५ अङ्क दिने ।

१६. रोग २ अङ्क, नियन्त्रण ३ अङ्क, किरा २ अङ्क नियन्त्रण ३ अङ्क गरी १० अङ्क दिने ।

| रोग | नियन्त्रण | किरा | नियन्त्रण |
|---|---|---|---|
| डाँठ सड्ने | - फ्युराइड ३ प्रतिशत विषादी प्रयोग | फेद काट्ने किरा | क्लोरोडेन, अल्ड्रिन वा BHC को धुलो छर्कने । |
| घोगा कुहिने | - गणेश २, मनकामना १ ककनी पहेँलो लगाउने | खुम्रे किरा | गहिरो जोतेर क्लोडिन अल्ड्रिन वा BHC धुलो माटोमा मिसाउने । |
| डढुवा | मनकामना ३ गणेश २ ककनी पहेलो लगाउने | फौजी किरा | मेटासिट, सुमिथाइन, डेनिस्टल वा डेसिस पानीमा मिसाइ छर्कने |
| डाउनी मिल्डयु | रामपुर कम्पोजिट मकै लगाउने | गवारो किरा | थायोडिन, सेभिन, फ्युराडन ३/४ दाना गुभोभित्र राख्ने । |

| | | | |
|---|---|---|---|
| कालो पोके | विभिस्टन २ ग्राम प्रतिकिग्राका दरले बिउ उपचार गर्ने कालो पोके जम्मा गरी डढाउने । | | |

१७. कुखुरा पालन

कुखुराको दानामा प्रयोग हुने पौष्टिक तत्त्व, पानी, कार्बोहाइड्रेट, चिल्लो पदार्थ, प्रोटिन, भिटामिन खनिज आदि पाँचओटा लेखेमा एक बुँदाको १ अङ्कका दरले ५ अङ्क दिने र

भिटामिन 'के' प्राप्ति स्रोत-अल्फाअल्फा, तीन पाते घाँस, मासु र माछा चारओटा लेखेमा २ अङ्क

हानी - कुखुराको कुनै अङ्गमा घाउ लागेमा रगत जम्न नसकी बगिरहन्छ लेखेमा ०.५ अङ्क

भिटामिन 'ए' प्राप्ति स्रोत - क्यारोटिन, हरियो बिरुवा, पहेँलो मकै, जनावरको कलेजो, माछाको तेल, अल्फाअल्फा आदि चारओटा लेखेमा २ अङ्क दिने ।

हानी - मांसपेशी राम्रो नहुने र मिर्गौलामा युरिक एसिड हुने लेखेमा ०.५ अङ्क दिने ।

१८. माछापालन

माछा संरक्षण सूची

- सुकुटी बनाउने
- ड्रममा सुकाउने
- सोलार ड्रयरमा सुकाउने
- नुन खारेर संरक्षण गर्ने
- चिसो वा फ्रिजमा राख्ने
- बट्टामा राख्ने

यीमध्ये कुनै पाँचओटा तरिका लेखेमा एक तरिकाको १ अङ्कका दरले ५ अङ्क दिने र नुनको प्रयोगबाट माछा संरक्षण गर्ने निम्नलिखित तरिकामध्ये पाँचओटा तरिका क्रमश: लेखेमा एउटा तरिकाको १ अङ्कका दरले ५ अङ्क दिने जस्तै :

- माछा राख्ने काठ वा प्लास्टिकको बट्टामा १ इन्च जति नुन राख्ने
- माछाको मासु भएको भागलाई माथिपट्टि पारी एक अर्कामा नखप्टिने गरी राख्ने
- एक तह माछा राखेपछि पुन: नुनले छोप्दै राख्दै गर्ने
- माथिल्लो तहमा पनि पुन: नुनले ढाक्ने
- माछालाई थिच्ने गरी बिर्को लगाउने
- माछालाई १५ दिन जति राख्ने र आवश्यक परेमा बट्टाको माथिल्लो भागमा पुन: नुन थप्ने
- खाने समयमा अघिल्लो बेलुका पानीमा भिजाएर पुरै नुन पखालिन दिने आदि ।